# बुद्धभूमी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बुड्ढी, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल

## *ताल ठेक्का व्यवस्थापन सम्बन्धी सूचना*

प्रथमपटक प्रकाशित मिति:२०७४।११।३०

जिल्ला कपिलवस्तु बुद्धभूमी नगरपालिका वडा नं.२ पुरैनामा पर्ने तपसिल बमोजिमको ताल माछा पालन ब्यवसायका लागि मिति:२०७४।११।१३ गतेको नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार निम्न शर्तहरु राखी डाँक बढावढको लागि १५ दिने सूचना प्रकासित गरिएको छ । ईच्छुक नेपाली नागरिकहरुले २०७४।१२।१४ गते दिउसो १२:३० बजे नगर कार्यपालिकाको कार्यालयमा खुला डाँक बढाबढको लागि उपस्थित भई दिनुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

| क्रं.सं. | ठेगाना | क्षेत्रफल | कबोल अँक | अवधी |
|---|---|---|---|---|
| १ | बुद्धभूमी नगरपालिका वडा नं.२ पुरैना, कपिलव्सतु | २-५-० | १,५०,०००।– प्रति बर्ष | ५ बर्ष |

**शर्तहरु**

१. ठेक्का अवधि ५ बर्षको लागि रहने छ ।

२. ठेक्का बोल्ने ब्यक्तिले ५% रकम तुरुन्तै सोहीदिन नगदै बुझाउनु पर्नेछ । उक्त रकम अन्तिममा फिर्ता गरिने छ ।

३. ठेक्का सदर भएको विक्रि गर्न पाईने छैन ।

४. ठेक्का सदर रकम ५ किस्तामा हुने र सो रकम पहिलो किस्ताको हकमा ठेक्का सदर भएको मितिले १५ दिनभित्र र अन्य किस्ताको हकमा प्रत्येक बर्ष पौष मसान्त भित्र (बृद्धि) १०% प्रतिशत थप सहित बुझाउनु पर्ने छ ।

५. तोकिएको समयमा किस्ता नबुझाएमा ठेक्क बदर गरि धरौटी रकम जफत गरिने छ र ठेक्का रद्द समेत गर्न सक्ने छ ।

६. कृष्कका लागि आवश्यकता परेका बखत माछालाई असर नपर्ने गरी पानी दिनु पर्ने छ ।

७. तालको अवस्था ठेक्का लिंदा र छोड्दा दुरुस्त हुनुपर्ने छ ।

८. ठेक्का बढी बोली ठेक्का नलिएमा ५ प्रतिशत रकम फिर्ता हुने छैन ।

९. ताल ठेक्का सम्झौता भई सकेपछि ताल मर्मत सम्भार ठेकेदारले गर्नु पर्नेछ ।

१०. खुला डांक बढावढ दिनको १२:३० बजे बाट सुरु हुने र डाँक बोल्नको लागि १ दिन अगावै अर्थात २०७४।१२।१३ गते ५:०० बजे सम्म बुद्धभूमी न.पा., नगर कार्यपालिकाको कार्यालयको एन.एम.वी.बैंकमा रहेको संचितकोष हि.नं.०४४००६००५५९९७६००००01 मा बाट रु.१०००।– जम्मा गरि सक्कल बैंक भौचर सहित निवेदन दर्ता भई सहभागती हुनुपर्नेछ ।

११. निवेदनको साथमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

१२. ठेक्का डाँक बढाबढ खुल्ला विधिद्वारा बढी दिने ब्यक्ति, संघ संस्थालाई दिईने छ । तर उक्त डाँक सदर बदर गर्ने अधिकार न.पा.मा निहित रहने छ ।

१३. ठेक्का अवधी सम्झौता भएको मितिले ५ बर्ष सम्म ठेक्का अवधी रहने छ ।

१४. ठेक्का सम्बन्धी अन्य कुराको जानकारी कार्यालय समयभित्र यस नगरपालिकाको कार्यालयबाट लिन सकिनेछ ।

मेघनाथ पाध्या
प्रमुख प्रशासकिय अधिकृत

**मेघनाथ पाध्या**
**प्रमुख प्रशासकिय अधिकृत**

बुद्धभूमी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बुड्ढी, कपिलवस्तु

५ नं. प्रदेश, नेपाल

## कवाडी संकलन व्यवस्थापन ठेक्का सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति:२०७४।११।३०

जिल्ला कपिलवस्तु बुद्धभूमी नगरपालिकाको क्षेत्रभित्रबाट संकलन हुने कवाडीजन्य वस्तुहरुको संकलनका लागि यस नगर कार्यपालिकाको मिति:२०७४।११।१३ निर्णय अनुसार बार्षिक न्यूनतम रु.४,००,०००।–(चार लाख) मा ठेक्का व्यवस्थापन गर्ने निर्णय भएकोले निम्न शर्तहरु राखी डाँक बढावढको लागि १५ दिने सूचना प्रकासित गरिएको छ । ईच्छुक नेपाली नागरिकहरुले २०७४।१२।१४ गते दिउसो २:३० बजे नगर कार्यपालिकाको कार्यालयमा खुला डाँक बढाबढको लागि उपस्थित भई दिनुहुन अनुरोध गरिन्छ ।

**शर्तहरु**

१. नगरपालिकाको क्षेत्रभित्रको कवाडीजन्य वस्तुहरुको संकलनको ठेक्का अवधि सम्झौता भएको मितिले १ बर्ष सम्मको लागि रहने छ ।

२. ठेक्का बोल्ने ब्यक्तिले ५% रकम तुरुन्तै सोहीदिन नगदै बुझाउनु पर्नेछ । उक्त रकम अन्तिममा फिर्ता गरिने छ ।

३. ठेक्का सदर भएको विक्रि गर्न पाईने छैन ।

४. ठेक्का सदर रकम २ किस्तामा हुने र सो रकम पहिलो किस्ताको हकमा ठेक्का सदर भएको मितिले १५ दिनभित्र र दोश्रो किस्ताको हकमा २०७५ पौष मसान्तभित्र भूक्तानी गर्नुपर्ने छ ।

५. तोकिएको समयमा किस्ता नबुझाएमा ठेक्क बदर गरि धरौटी रकम जफत गरिने छ र ठेक्का रद्द समेत गर्न सक्ने छ ।

६. ठेक्का बढी बोली ठेक्का नलिएमा ५ प्रतिशत रकम फिर्ता हुने छैन ।

७. खुला डांक बढावढ दिनको २:३० बजे बाट सुरु हुने र डाँक बोल्नको लागि १ दिन अगावै अर्थात २०७४।१२।१३ गते ५:०० बजे सम्म बुद्धभूमी न.पा., नगर कार्यपालिकाको कार्यालयको एन.एम.वी.बैंकमा रहेको संचितकोष हि.नं.०४४००६००५५९९७६००००१मा बाट रु.१०००।– (एक हजार) जम्मा गरि सक्कल बैंक भौचर सहित निवेदन दर्ता भई सहभागती हुनुपर्नेछ ।

८. निवेदनको साथमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

९. ठेक्का डाँक बढाबढ खुल्ला विधिद्वारा बढी दिने ब्यक्ति, संघ संस्थालाई दिईने छ । तर उक्त डाँक सदर बदर गर्ने अधिकार न.पा.मा निहित रहने छ ।

१०. ठेक्का सम्बन्धी अन्य कुराको जानकारी कार्यालय समयभित्र यस नगरकार्यपालिकाको कार्यालयबाट लिन सकिनेछ ।

११।३०

मेघनाथ पाध्या
प्रमुख प्रशासकिय अधिकृत

मेघनाथ पाध्या
प्रमुख प्रशासकिय अधिकृत
(उप सचिव)